# सिलीचोङ गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय

## महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा
## वार्षिक प्रगति प्रतिवेदन

आ.व. २०८०/०८१

श्री प्रशासन/सूचना प्रविधि
Website मा upload गर्ने
अभिलेख राख्ने
३/२४

...गाउँपालिका
...कार्यालय
दर्ता नं. ३०२५
दर्ता मिति २०८१/३/२४

प्रतिवेदक
भावना पराजुली
महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा
सिलीचोङ गाउँपालिका
मिति २०८१/०३/२४

## १. पृष्ठभूमी

नेपालको संविधानले लैङ्गिक विभेद अन्त्य गरि समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा विभेदरहित समृद्ध र न्यायपूर्ण समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ । संविधानको धारा १६ ले सम्मानपूर्वक बाच्न पाउँने हक, धारा १८ ले समानताको हक, धारा ३८ ले महिलाको हक, धारा ३९ ले बालबालिकाको हक, धारा ४२ ले सामाजिक न्यायको हक, धारा ५१ ञ ले सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिको व्यवस्था गरेको छ भने धारा ५२ मा राज्यको दायित्वको समेत व्यवस्था गरेको छ । सुशासन, सामाजिक न्याय र समृद्धीको सोच र विकासका सबै क्षेत्र तथा आयाममा लैङ्गिक मूलप्रवाहिकरण गर्ने रणनीति सहित १६ औं आवधिक योजना (२०८१/८२-२०८५/८६) कार्यान्वयनमा रहेको छ ।

सिलीचोङ गाउँपालिकामा पनि यहि संवैधानिक, कानूनी तथा नीतिगत व्यवस्थालाई कार्यान्वयन गर्न र पालिकाको समावेशी विकास हाँसिल गर्न गाउँपालिकाको संगठन संरचना अनुसार सामाजिक विकास शाखा अन्तर्गत महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा रहेको छ ।

**शाखागत लक्ष्य/उद्धेश्य:**

- विपन्न ग्रामीण महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तीको हक अधिकारको रक्षाका साथै आर्थिक अवस्थामा सुधार र सशक्तीकरणका लागि आवश्यक कदम चाल्नु ।
- लक्षित वर्गका समस्या र पिडित वर्गका गुनासो सुनुवाईको व्यवस्था गर्नु ।
- स्थानीय सरकारबाट प्रवाह हुने सेवा सुविधामा लक्षित वर्गको पहुँच वृद्धी गर्नु ।
- विशेष संरक्षण को आवश्यकता भएका बालबालिका हरुका लागि सहयोग उपलब्ध गराउनु र बालबालिकाको सर्वाङ्गीण विकासको लागि आवश्यक पहल गर्नु ।
- शासकीय प्रणालीमा सबै वर्ग, लिङ्ग र क्षेत्रका नागरिकको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नु ।
- लैङ्गिक भेदभाव, हिंसा र शोषणको अन्त्य गरी लक्षित समुदायको सामाजिक आर्थिक सशक्तीकरणका माध्यमवाट समावेशी समतामूलक समाज निर्माण गर्नु ।
- लक्षित समुदायको अग्रसरता र नेतृत्वदायी भूमिका स्थापित गर्दै स्रोत साधन अवसर तथा लाभमा सबैको समान पहुँच सुनिश्चित गर्न आवश्यक पहल गर्नु ।

सबल पक्ष

- महिला क्षमता विकास तालिम संचालन
- ज्येष्ठ नागरिक अपाङ्गता भएका व्यक्तीहरु लाई सम्मान कार्यक्रम
- बालबालिका क्षमता विकास तालिम
- अपाङ्गता भएका व्यक्ति र/वा परिवारलाई व्यावसायिक अनुदान सहयोग
- विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाहरुलाई बाल कल्याण कोषबाट सहयोगको व्यवस्था

समस्या तथा चुनौतीहरु

- भौगोलिक विकटता
- सूचना प्रविधिको पहुँच नहुनु
- लक्षित वर्गलाई पर्याप्त मात्रामा बजेट उपलब्ध नहुनु
- महिला पुरुष तथा बालबालिकामाथि हुने यौनिक तथा लैंगिक हिंसा, घरेलु हिंसा सम्बन्धी प्रत्यक्ष रुपमा आवाज उठाउन नसक्नु
- अशिक्षा, आर्थिक विपन्नता
- सार्वजानिक तथा निजी भौतिक संरचनाहरु लक्षित वर्ग मैत्री नहुनु

अवसरहरु

- स्थानीय स्रोत साधनको उपयोग गरि आर्थिक वृद्धि र रोजगारीको अवसर प्राप्त भएको
- स्थानीय उत्पादनलाई महिला उद्यम सँग जोडि क्षमता विकासको लागि तालिम संचालन भएको

<u>सिलीचोङ गाउँपालिका महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा अन्तर्गत विनियोजित बजेट अनुसार कार्यक्रम र उपलब्धी</u>

आ. व. २०८०/०८१ मा महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखाले गरेका प्रमुख कार्यक्रमको प्रगति विवरण तपशिल वमोजिम रहेको छ ।

| क स | कार्यक्रम | विनियोजित बजेट | कार्यान्वयन अवस्था |
|---|---|---|---|
| ०१ | अन्तराष्ट्रिय श्रमिक नारी दिवश | २५०००० | सम्पन्न |
| ०२ | ज्येष्ठ नागरिक सम्मान कार्यक्रम | ५००००० | सम्पन्न |

| | | | |
|---|---|---|---|
| ०३ | गाउँपालिका स्तरीय बालबालिकाहरुलाई क्षमता विकास | २५०००० | सम्पन्न |
| ०४ | महिलाहरुलाई ३२० घण्टे CTEVT LEVEL 1 कम्प्युटर तयारी कक्षा | २००००० | सम्पन्न |
| ०५ | बालबालिका कोष | १००००० | सम्पन्न |

शसर्त अनुदान तर्फ

| क स | कार्यक्रम | विनियोजित बजेट | कार्यान्वयन अवस्था |
|---|---|---|---|
| ०१ | राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम | ८९०००० | सम्पन्न |
| ०२ | अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम अन्तर्गत सीपमूलक तथा व्यवसायिक तालिम र अपाङ्गता सहायता कक्ष संचालन | ५५००० | सम्पन्न |

| सि नं | सम्पन्न कार्य | कैफियत |
|---|---|---|
| १ | **बैठक संचालन** | अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम सम्पर्क व्यक्ति, समुदायमा आधारित पुनर्स्थापना सहजकर्ता, OPD प्रतिनिधि को मासिक बैठक १२ पटक सम्पन्न भएको, पालिका स्तरिय कार्यक्रम व्यवस्थापन समिति र समन्वय समितिको बैठक आवश्यकता अनुसार सम्पन्न भएको । |
| ०२ | **अन्तराष्ट्रिय श्रमिक नारी दिवश** | सिलीचोङ गाउँपालिकाका प्रत्येक वडामा रहेका महिला समूह, महिला संजाल, महिला स्वास्थ्य स्वयंसेविका, विद्यार्थी, आमा समूह लगायत सम्पूर्ण वडावासी महिलाहरुलाई लक्षित गरेर वडास्तरमा सामाजिक सचेतना अभिवृद्धि गर्ने उद्देश्यले मिति २०८०।११।२५ गते रचनात्मक तथा सिर्जनात्मक कार्यक्रमहरु आयोजना गरिएको । |
| ३ | **ज्येष्ठ नागरिक सम्मान कार्यक्रम** | ८० वर्ष उमेर माथिका ज्येष्ठ नागरिकहरुलाई न्यानो ज्याकेट वितरण गरिएको । |

| | | |
|---|---|---|
| ४ | गाउँपालिका स्तरीय बालबालिकाहरुलाई क्षमता विकास | सिलीचोङ गाउँपालिका भित्रका सबै माध्यमिक विद्यालयका विद्यार्थीहरु लक्षित गरि गाउँपालिकाको सभाहलमा २ दिने बालबालिकाको क्षमता विकास कार्यक्रम संचालन गरिएको । बाल अधिकार, बालविवाह न्यूनिकरण, लागुपदार्थ दुर्व्यसनी, साइबर क्राइम लगायतका विषयमा बालबालिकाहरुलाई प्रशिक्षण गरिएको । |
| ५ | महिलाहरुलाई ३२० घण्टे CTEVT LEVEL 1 कम्प्युटर तयारी कक्षा | सबै वडाबाट सहभागीहरु छनौट गरि स्नातक तह अध्ययन गर्दै गरेका महिलाहरु का लागि ३२० घण्टे CTEVT LEVEL 1 कम्प्युटर तयारी कक्षा Mission IT Solution खाँदवारीको प्राविधिक सहयोगमा संचालन गरिएको । |
| ६ | बालबालिका कोष | सिलीचोङ गाउँपालिकाको बाल कल्याण कोष (स्थापना र संचालन) कार्यविधि २०८० वमोजिम दर्ता भएका आवेदन अनुसार ४ जना विशेष संरक्षणको आवश्यकता भएका बालबालिका हरुलाई बाल कल्याणकोष बाट सहयोग रकम उपलब्ध गराइएको । |
| ७ | राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम | महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको राष्ट्रपति महिला सशक्तीकरण परियोजना अन्तर्गत राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम संचालनको लागि रु ८९०००० को अख्तीयारी प्राप्त भएकोमा कार्यक्रम संचालनको लागि छनौट भएको श्री कालिका कृषि सहकारी संस्था लि. मार्फत सिलीचोङ गाउँपालिका वडा नं ३ मानेटार का पहिरोपिडित विपन्न २५ जना महिलाहरु लाई लक्षित गरि अल्लोको कपडा उत्पादन तथा व्यवसाय स्थापना सम्बन्धी ५ दिने तालिम संचालन गरिएको र २५ जना सहभागीहरुलाई रु २६००० को दरले व्यवसाय संचालनको लागि बीउँ पुजी रकम अनुदान उपलब्ध गराइएको । |
| ८ | अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम अन्तर्गत सीपमूलक तथा व्यवसायिक तालिम र अपाङ्गता सहायता कक्ष संचालन | महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको वार्षिक विकास कार्यक्रम अन्तर्गत अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम संचालनको लागि सामाजिक विकास मन्त्रालय कोशी प्रदेश मार्फत सीपमूलक तथा व्यवसायिक तालिम र अपाङ्गता सहायता कक्ष संचालन संचालनको लागि रु ५५००० शसर्त अनुदान रकम प्राप्त भएकोमा २०८१/०३/१९ र २० गते अपाङ्गता भएका व्यक्ती र/वा परिवारका सदस्यहरुलाई लक्षित गरि बाख्रा पालन सम्बन्धी २ दिने तालिम संचालन गरिएको र अपाङ्गता सहायता कक्ष संचालन शिर्षकबाट अपाङ्गता सहायता कक्षको लागि स्टेशनरी खरिद गरिएको |

| | | |
|---|---|---|
| | | । |
| ९ | ज्येष्ठ नागरिक परिचय पत्र वितरण | यस आ. व. मा जम्मा ३ वटा परिचय पत्र वितरण गरिएको छ । जसमा महिला-१ र पुरुष-२ रहेका छन् । |
| १० | अपाङ्गता परिचय पत्र वितरण | यस आ. व. मा जम्मा ३ वटा अपाङ्गता परिचय पत्र वितरण गरिएको छ । जसमा ख वर्ग १, ग वर्ग १ र घ वर्ग १ रहेका छन् । ६ जना परिचय पत्र वितरणको लागि प्रक्रियामा रहेको । |
| ११ | अनुगमन | महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको राष्ट्रपति महिला सशक्तीकरण परियोजना अन्तर्गत राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रमको गाउँपालिका बाट निरन्तर अनुगमन गरिएको । |
| १२ | प्रशासनिक कार्य | शाखा सँग सम्बन्धित प्रशासनिक कार्य, तथ्याङ्क अभिलेखिकरण एवम् अद्यावधिक, तथ्याङ्कहरु विषयगत मन्त्रालयहरुमा पठाइएको । |

**आ व ०८०/०८१ मा महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखाले सम्पादन गरेका अन्य कार्यक्रमहरु**

प्रदेश सरकार सामाजिक विकास मन्त्रालय कोशी प्रदेश र सिलीचोङ गाउँपालिकाको द्विपक्षीय लागत साझेदारी र करुणा फाउण्डेशन नेपालको प्राविधिक सहयोगमा स्थानीय तह मार्फत संचालन भइरहेको अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रमको पुनर्स्थापना तर्फका कार्यक्रम हरु संचालन तथा व्यवस्थापन गरेको ।

**निष्कर्ष**

सिलीचोङ गाउँपालिका महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखाको लागि आ व ०८०/०८१ मा १३ औं गाउँसभाबाट स्वीकृत कार्यक्रम तथा संघीय तथा प्रदेश सरकार बाट प्राप्त शसर्त अनुदान तर्फका सम्पूर्ण कार्यक्रमहरु सम्पन्न भएको छ ।

प्रतिवेदक
भावना पराजुली
महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा
सिलीचोङ गाउँपालिका